कार्यालय: ०४४-५२००८७
बारूणयन्त्र:०४४-५२००९७
Email: jaleshwormun@gmail.com

# जलेश्वर नगरपालिका

Jaleshwor Municipality

# नगर कार्यपालिकाको कार्यालय

## Office Of Municipal Executive

जलेश्वर, महोत्तरी,मधेश प्रदेश, नेपाल
Jaleshwor, Mahottari, Madhesh Province, Nepal

पत्र संख्या(Fiscal Year):- २०८२/०८३

चलानी नं.(Ref. No.):- ..............

विषय: सूचना प्रकाशन सम्बन्धमा ।

नेपाल सरकार र स्विट्जरल्याण्ड सरकारको द्विपक्षीय समझौता, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको नितिगत पहल, मधेश प्रदेश सरकारको समन्वय र हेल्भेटास नेपालको प्राविधिक सहयोग तथा जलेश्वर नगरपालिका,महोत्तरीको सझेदारीमा संचालित वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुका लागि पुनः एकीकरण (रेमी) परियोजना अन्तर्गत वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरु जलेश्वर नगरपालिकाको रेमी शाखामा दर्ता भएकालाई स्व-रोजगार तथा उद्यमशिलता प्रवर्द्धन कार्यक्रम अन्तर्गत नयाँ व्यवसाय गर्न चाहना भएका वा स्व-रोजगारमुलक कार्यमा संलग्न रिटर्नीहरु जो आफ्नो व्यवसाय विस्तार गर्न चाहन्छन् उनीहरुलाई स्व-रोजगार तथा उद्यमशिलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम संचालन कार्यविधि २०८३ अनुसार नगद अनुदान रकम हस्तान्तरणको लागि यो सूचना प्रकाशन भएको मितिले ०७ दिन भित्र यस कार्यालयमा निवेदन साथ संलगन कागजातहरु पेश गर्नको लागि यो सूचना प्रकाशन गरिएको छ ।

(१) यस कार्यक्रमवाट लाभ लिन योग्य लाभग्राही व्यक्तिको हकमा योग्यता देहाय बमोजिमको हुनेछ ।

(क) भारत देश वाहेक वैदेशिक रोजगारीवाट फर्किएको नेपाली रिटर्नीहरु ।

(ख) यस जलेश्वर नगरपालिका भित्र स्थायी ठेगाना र बसोवास रहेको ।

(ग) न्युनतम १८ वर्ष पुरा भएको र ६० वर्ष ननाघेको व्यक्तिहरु ।

(घ) उद्यमशिलता तालिम प्राप्त गरेको प्रमाण पत्रको प्रतिलिपि वा GALS तालिममा सहभागि भएको हुनुपर्ने ।

( ङ) रोजगार सेवा केन्द्रमा सुचिकृत वा रेमि परियोजनाको डाटाबेसमा प्रविष्ट भएको हुनु पर्ने |

**(२) निवेदन संग पेश गर्नुपर्ने कागजातहरु:**

(क) माथी उल्लेखित प्रमाण संलग्न गरी स्व-रोजगार तथा उद्यमशिलता प्रवर्धनका लागि प्रविधि सहयोग कार्यक्रम संचालन कार्यविधि २०८३ को अनुसूची १ को ढाँचामा निवेदन र अनुसूची २ अनुसारको व्यावसायिक योजना ।

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(ग) वैदेशिक रोजगारीबाट फिर्ता आएको प्रमाण राहदानीको प्रतिलिपी (श्रम स्विकृत वा अन्य) सम्बन्धी प्रमाण पेश गर्नुपर्ने ।

अधिकृत आँठौ

गोरखापत्रमा प्रकाशित मिति-२०८३।३।१३ गते

# जलेश्वर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## जलेश्वर, महोत्तरी, मधेश प्रदेश, नेपाल

## सूचना

नेपाल सरकार र स्विट्जरल्यान्ड सरकारको द्विपक्षीय सम्झौता, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको नीतिगत पहल, मधेश प्रदेश सरकारको समन्वय र हेल्भेटास नेपालको प्राविधिक सहयोग तथा पिपरा गाउँपालिका, महोत्तरीको सफेदारीमा सञ्चालित वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूका लागि पुनः एकीकरण (रेमी) परियोजना अन्तर्गत वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरू जलेश्वर नगरपालिकाको रेमी शाखामा दर्ता भएकालाई स्व-रोजगार तथा उद्यमशीलता प्रवर्द्धन कार्यक्रम अन्तर्गत नयाँ व्यवसाय गर्न चाहना भएका वा स्व-रोजगारमूलक कार्यमा संलग्न रिटर्नीहरू जो आफ्नो व्यवसाय विस्तार गर्न चाहन्छन्, उनीहरूलाई स्व-रोजगार तथा उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि २०८३ अनुसार नगद अनुदान रकम हस्तान्तरणका लागि यो सूचना प्रकाशन भएको मितिले ०७ दिनभित्र यस कार्यालयमा निवेदन साथ संलग्न कागजातहरू पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ ।

(१) **यस कार्यक्रमबाट लाभ लिन योग्य लाभग्राही व्यक्तिको हकमा योग्यता देहाय बमोजिमको हुनेछ ।**

(क) भारत देश बाहेक वैदेशिक रोजगारीबाट फर्किएको नेपाली रिटर्नीहरू ।

(ख) यस जलेश्वर नगरपालिकाभित्र स्थायी ठेगाना र बसोबास रहेको ।

(ग) न्यूनतम १८ वर्ष पुरा भएको र ६० वर्ष ननाघेका व्यक्तिहरू ।

(घ) उद्यमशीलता तालिम प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि वा GALS तालिममा सहभागी भएको हुनुपर्ने ।

(ङ) रोजगार सेवा केन्द्रमा सूचीकृत वा रेमी परियोजनाको डाटाबेसमा प्रविष्ट भएको हुनुपर्ने ।

(२) **निवेदनसँग पेश गर्नुपर्ने कागजातहरू:**

(क) माथि उल्लिखित प्रमाण संलग्न गरी स्व-रोजगार तथा उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि २०८३ को अनुसूची १ को ढाँचामा निवेदन र अनुसूची २ अनुसारको व्यावसायिक योजना ।

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(ग) वैदेशिक रोजगारीबाट फिर्ता आएको प्रमाण राहदानीको प्रतिलिपि (श्रम स्वीकृत वा अन्य) सम्बन्धी प्रमाण पेश गर्नुपर्ने ।

**प्रमुख प्रशासकीय अधिकृत**